म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ७० २०७९ माघ १४ गते शनिबार 28 January 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## बेहोस भेटिएकी परियारको मृत्यु

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–१८, रामधुनी चोकमा बेहोस अवस्थामा फेला परेकी महिलाको उपचारको क्रममा मृत्यु भएको छ। बिहीबार सोही स्थानको मानेडाँडा बस्ने अन्दाजी ६० वर्षीया बिजुला परियार आफ्नै घरबाट अन्दाजी ५ सय मिटर उत्तर बेहोस अवस्था भेटिएकी थिइन्।

परियार रामधुनी चोक बस्ने नवराज खतिवडाको घरको पिँढीमा बेहोस अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा पुगेर उपचारका लागि हेटौंडा अस्पताल पठाएको थियो। उनको बिहान १० बजेर १५ मिनेटको समयमा हेटौंडा अस्पतालमा मृत्यु भएको हो। बेहोसको कारण नखुलेको र पहिलादेखि नै परियार दमको बिरामी भन्ने बुझिएको प्रहरीले जनाएको छ। उनको शरीरमा घाउचोट केही पनि नरहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले उल्लेख गरेको छ।

# रवि लामिछानेको पद खारेज

काठमाडौं: सर्वोच्च अदालतले गृहमन्त्री रवि लामिछानेको सांसद पद खारेज गरेको छ। यससँगै उनको उपप्रधान तथा गृहमन्त्री पद पनि गुमेको छ।

४ मंसिरमा भएको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका लामिछाने चितवन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। उम्मेदवारीमा दाबी विरोध गर्ने समय गुज्रिसकेको, तर मतदान हुन बाँकी रहेको अवधिमा लामिछानेसँग नेपाली नागरिकता नै नरहेको भन्दै उजुरी पर्‍यो।

निर्वाचन आयोगले निर्णय नगर्दै निर्वाचन परिणाम आयो र, आयोगले संवैधानिक इजलासले हेर्ने भन्दै तामेलीमा राख्यो। यही मुद्दा सर्वोच्च अदालतमा पुग्यो।

काम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्जर खतिवडा र आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले अमेरिकी नागरिकता त्याग गरेको विधिवत जानकारी सम्बन्धित अधिकारी



(सीडीओ)लाई नदिएको र नागरिकता ऐन र नियमावलीअनुसार निवेदन दिई प्रक्रिया पनि पूरा नगरेको पाइएको बताएको छ। 'यस्तो अवस्थाका व्यक्तिलाई नेपालको संविधानको धारा (८७) १ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १२ को प्रयोजनका लागि उम्मेदवारको योग्यता पुगेको भनि मान्न मिलेन', फैसलामा भनिएको छ।

लामिछानेलाई उम्मेदवार कायम गर्ने, निर्वाचित घोषणा गर्ने, प्रमाणपत्र दिनेलगायतका कामकारबाही संविधानको धारा १३३ को उपधारा (२), (३) तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेश बदर हुने अदालतको फैसला छ।

### प्रधानमन्त्रीसमक्ष बुझाए राजीनामा

सर्वोच्च अदालतको फैसलाबाट पदमुक्त भएका रवि लामिछानेले बालुवाटार पुगेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष राजीनामा बुझाएका छन्। उनका प्रेस संयोजक नवराज पाण्डेका अनुसार लामिछानेले शुक्रबार साँझ बालुवाटार पुगेर राजीनामा बुझाएका हुन्।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा लामिछाने ११ पुसमा उपप्रधानसहित गृहमन्त्री बनेका थिए। शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासले लामिछानेको सांसद पद खारेज गरेको छ। अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकता पुनः प्राप्तिका लागि प्रक्रिया नै नथालेको भन्दै सर्वोच्च अदालतले लामिछाने उम्मेदवार हुन पनि अयोग्य भएको ठहर गरेको छ। *(स्रोत: अनलाइनखबर)*

# कपडा उद्योगले पुनर्जीवन पाउन सक्छ: प्रदेश प्रमुख शर्मा

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले हेटौंडा कपडा उद्योगको उत्पादन सबैले लगाएमा उद्योगले पुनर्जीवन पाउन सक्ने बताउनुभएको छ। शुक्रबार हेटौंडामा जारी १० औं औद्योगिक व्यापार मेलालाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख शर्माले यस्तो बताउनुभएको हो।

हेटौंडा कपडा उद्योगबाट उत्पादन भएको कपडा सरकारी कर्मचारी, स्कूलका विद्यार्थी, शिक्षक, सांसद र मन्त्रीहरुले लगाएमा उद्योगले पुनर्जीवन पाउने उहाँको भनाई छ। हेटौंडा कपडा उद्योगले व्यवस्थित ढंगबाट उत्पादन र वितरण गरेमा पुनर्जीवन पाउने उहाँले बताउनुभयो।

हेटौंडा देशकै सबैभन्दा ठूलो औद्योगिक क्षेत्र भएको ठाउँ भएपनि अहिले प्रायजसो उद्योगहरु बन्द रहेको उहाँले बताउनुभयो। चलिरहेका उद्योगहरु पनि धरासायी अवस्थामा रहेको बताउनुहुँदै उहाँले सरकारले यसप्रति ध्यान पुर्‍याउनुपर्ने बताउनुभयो। उद्योगको विकासका लागि समुचित योजना बनाएर हेटौंडाको समग्र विकासका लागि सरकारसँग छलफल गरेर आगामी दिनमा कसरी अगाडि बढ्ने निर्णय लिनुपर्ने उहाँले बताउनुभयो।

औद्योगिक व्यापार मेलाले देशमा उत्पादन भएका वस्तुहरुको परिचय गराउने उहाँले बताउनुभयो। व्यापार मेलाले उत्पादक र उपभोक्ताबीचमा एउटा सुमधुर सम्बन्ध कायम गराउने उहाँको भनाई छ। व्यवसायीहरुले आफ्नो उत्पादन बजारसम्म पुर्‍याउन सकेनन् भने यसलाई चिन्न नपाउने र बिक्री वितरण नहुने उहाँले बताउनुभयो। वस्तुहरुको परिचय यस्तै व्यापार मेला, महोत्सवबाट हुने उहाँले बताउनुभयो। उद्योग क्षेत्रको विकास भएमा देशको समृद्धिका लागि योगदान पुग्ने उहाँले बताउनुभयो।




# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडा: पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरीमा दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। शुक्रबार साँझ ६ बजेर ५० मिनेटको समयमा मनहरी-६, नयाँबस्तीमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ७ ख ८४७८ नम्बरको डिजल लोड ट्याङ्कर र विपरित दिशाबाट आएको ना १४ प ९९४३ नम्बरको मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना भएको थियो।

दुर्घटनामा परी मोटरसाइकल चालक हेटौंडा-१५ का अन्दाजी ४० वर्षीय शंकरत्न तितुङ गम्भीर घाइते भएका थिए। तितुङको उपचारको क्रममा चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित पुरानो मेडिकल कलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

ट्याङ्कर चालक चितवन जिल्लाको राप्ती नगरपालिका-२ का ३६ वर्षीय ईश्वर बर्तौलालाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनापछि स्थानीयले सडक अवरुद्ध गरेका थिए।

# घोषणालाई विद्यावारिधी उपाधि



समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ का घोषणा विष्टले विद्यावारिधी उपाधि हासिल गर्नुभएको छ। फ्रान्सस्थित लियोन विश्वविद्यालयबाट करिब ३ वर्षको अनुसन्धानपछि विष्टले विद्यावारिधी उपाधि हासिल गर्नुभएको हो। विष्टले इलेक्ट्रोनिक कम्युनिकेशनमा "भर्चुअल सञ्जालसम्बन्धी कार्यमा सफ्टवेयर स्वामित्वका लागि कुल लागत" शीर्षकमा विद्यावारिधी तहको अनुसन्धान गर्नुभएको हो। पूर्ण छात्रवृत्तिमा विष्टले विद्यावारिधी तहको अध्ययन तथा अनुसन्धान पूरा गर्नुभएको हो।

हेटौंडा-५, भैरवरोडस्थित उज्ज्वल शिशु सदनबाट एसएलसी उत्तीर्ण गर्नुभएका विष्टले दश जोड दुई तह विज्ञान विषयमा काठमाडौंस्थित नोवेल एकेडेमीबाट पूरा गर्नुभयो। काठमाडौं इन्जिनियरिङ कलेजबाट इलेक्ट्रोनिक कम्युनिकेशनमा स्नातक तह उत्तीर्ण गर्नुभएका विष्टले स्नात्तकोत्तर तहको उपाधि थाइल्याण्डको बैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी र फ्रान्सकै पेरिसबाट पनि स्नात्तकोत्तर तहको उपाधि हासिल गर्नुभएको छ। उच्च शिक्षा हासिल गर्नुभएका विष्टले अब नेपाल फर्कने वा युरोप बसेर काम गर्ने भन्ने विषय परिवारसँग छलफल गरेर तय गरिने बताउनुभएको छ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np



# अकबरको मूल्य



अकबर वीरबलको कथा

मन्त्री तथा भारदारहरुले आफूलाई कतिको मर्यादा राख्छन् होला भनेर बादशाह अकबर बेलाबखत परीक्षण गरिरहन्थे । हास्यविनोद मनपर्ने अनि त्यस कुरामा वीरबललाई जित्ने लालसा हुने तर कहिलै नसकिने अवस्थाबाट बादशाह गुज्रिरहेका पनि थिए । एक बिहान भारदारी सभा सकिएर सबैजना उठ्ने बेला भयो र पनि बादशाह आसनबाट उठेनन् । उनले प्रश्न गरिहाले । "लौ भन त मेरा मूल्य कति हो तिमीहरु कतिजनाले तोक्न सक्छौँ ?"

भारदारहरुले र मन्त्रीहरुले हात जोड्दै भने "महाराज ! हुजूरको पनि कुनै मूल्य हुन्छ ? हुजूर त अमूल्य हुनुहुन्छ ?" अकबर खिस्स हाँसे तर उनलाई थाहा थियो ती भारदार र मन्त्रीहरु चाकडी मात्र भजाइरहेका थिए । त्यतिका मानिस बोल्दा पनि वीरबल भने मौन थिए । उनी सामान्यतया त्यसै गर्थे ।

वीरबल नबोलेसम्म अकबरले चित्त बुझाउने कुरा पनि भएन । उनी वीरबलतिर फर्के ।

"वीरबल के हो त राजाको प्रश्नको जवाफ दिनु पर्दैन ?"

"सम्राट ! हुजूरको मूल्य कुनै एक रुपैये हो" वीरबलले जवाफ दिए ।

"कुनै एक रुपये ? तिमी आफ्नो बादशाहको अपमानन गर्दछौ वीरबल ।" अकबर चिच्याए ।

"महाराज ! यस देशका जौहारीहरु (सुनारहरु) बोलाएर जाँच गराउनुहोस् होइन रहेछ भने म दरबार नै छोडिदिन्छु" वीरबलले घोषणा गरे । अब वीरबल पाखा लाग्ने भए भनेर अरु भारदार र मन्त्रीहरु खुसी भए ।

बादशाहले त्यसै दिन शहरभरि झ्याली पिटाएर सुनारहरुलाई दरबारमा बोलाए । आदेशअनुसार भोलिपल्ट सुनारहरु राज्यसभामा उपस्थित भए । राजाले प्रश्न गरे "लौ तिमीहरु नापजाँच गरेर मेरो मूल्य तोक ।"

धेरै सुनारहरु अलमलमा परे । बादशाहको मूल्य कसरी गर्ने ?

एकअर्कोको मुखमा हेर्न थाले तर वीरबलको सम्पर्कमा परिसकेको एकजना सुनार जुरुक्क उठे र भने "महाराज ! हुजूरको मूल्य यही हो" । सुनारले एक रुपैँयाका असर्फी देखाए । मानिसहरु चकित परे । अब महाराजले सुनारलाई कडा दण्ड दिन्छन् भनेर अनुमान गर्न थाले ।

"महाराज ! यो असर्फी अरु असर्फी जस्तो आकारमा पनि छैन र रुपमा पनि छैन, छ त ? सुनारले अरु असर्फीसँगै त्यो असर्फी देखाए । साँच्चै त्यो अरुभन्दा फरक थियो ।

"हो, हाम्रा बादशाह बिजोड हुनुहुन्छ जस्तै यो असर्फी अर्थात यो एक रुपैये" सुनारले भने । उनको कुरा सुनेपछि सबैले ताली बजाए । अकबर पनि निकै खुशी भए । पर बसेर हेरिरहेका वीरबललाई समिपमा बोलाएर वीरबल र सुनारलाई एकसाथ अँगालो हाले ।

# पुस्तकको महत्व



✍ आयुष्मा भण्डारी

ज्ञानको स्रोतको रुपमा रहेको पुस्तक जुन परापूर्व कालदेखि सिकाइको माध्यम बनेको छ । पुस्तकले ज्ञान, चरित्र र व्यक्तित्वको विकासको आधार बन्न सहयोग गर्छ । जुन समयमा हामीसँग प्रविधि, सञ्चार र इन्टरनेट थिएन त्यस समयमा हामीलाई मार्ग दर्शन गर्न र नियममा बाध्नका साथै ज्ञान दिन पुस्तकको अपरिहार्य भूमिका थियो ।

पुस्तक कसैका लागि राजनितिक ज्ञानको स्रोत त कसैका लागि गृहस्थी बुझ्ने स्रोत बन्न सक्छ । पुस्तकबाट हामीले इतिहास, वर्तमान, प्रेम, घृणा, ईर्ष्या, साहस, धर्म इत्यादी थुप्रै विषयमा ज्ञान पाउन सकिन्छ । विभिन्न महान व्यक्तिहरुको जीवनीबाट प्रोत्साहन प्राप्त गर्न साथै आफ्नो जीवनलाई आधार र आकार दिन पुस्तक पढ्नु जरुरी छ । पुस्तक पढ्ढा आध्यात्मिक ज्ञान बढ्छ जसले गर्दा हाम्रो भौतिक र शैक्षिक विकासमा सहयोग पुग्छ । यसले हाम्रो स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ । पुस्तक पढ्दा, लेख्न र पठन संस्कृतिको पनि विकास हुन्छ । पुस्तकले एउटा सभ्य मानिस निर्माणमा ठुलो भूमिका खेल्दछ ।

*कक्षा १०,*
*अमर माध्यमिक विद्यालय*

# मेरो सानो अनुभव



✍ अनुष्का बानियाँ

बाल साहित्य महोत्सव कार्य हाम्रो विद्यालय नवोदय शिशु सदनले विगत वर्षदेखि गर्दै आएको छ । बाल साहित्य भनेको हामी जस्तो विद्यार्थीहरुलाई साहित्यप्रति लगाव राखी रहन, आफ्नो साहित्यिक रचनाहरु प्रस्तुत गर्नलाई कार्यक्रम गरी आएको हो । बाल साहित्यमा आफ्नो रचनाका किताब, पुस्तक प्रस्तुत गर्न पाउादा अत्यन्तै खुसीको कुरा हो ।

हामीले १ वर्ष अघि विभिन्न विद्यार्थीको कविता रचनाले फक्रँदो इन्द्रेणी पुस्तक निर्माण गरेका थियौं । आफ्नो साहित्यका कुरा, रचना अनि प्रख्यात साहित्यकारहरुको अगाडि पोख्न पाउँदा खुशीको सीमानै रहँदैन । मह जोडी जस्तो प्रख्यात कलाकार साथै महान् साहित्यकारहरुको अगाडि आउन पाउँदा त खुसीले गदगद भइन्छ झन रचना भन्न पाउँदा गर्व लागेर आउँछ । अभिभावकहरुको चम्किलो, हसिलो मुहारले अझ उत्साहको माहोल बनाइदिन्छ ।

यस कार्यक्रममा रचना प्रस्तुत गर्ने मात्र नभई आफ्नो कला जस्तै नाच, गान पनि गरिन्छ । यस महोत्सवमा भाग लिन पाउँदा गर्वले शिर ठाडिन्छ । हरेक वर्षको मिहिनेतले हामी सबै रचना लेख्न सिपालु हुँदै छौं । यस्तै कार्यक्रमले साहित्यप्रति अझै लगाव बढेको छ र अझैं यस्तै कार्यक्रम भइरहने छ जसले विद्यार्थीको मनोबल, बोल्न सक्ने क्षमतालाई अघि बढाउँछ ।

*कक्षा ८,*
*नवोदय शिशु सदन*

# शहीदहरुको सम्झनामा



✍ राजकुमार लामिछाने



हाम्रो देशमा प्रत्येक वर्ष माघ १० गतेदेखि माघ १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ शहीदप्रति श्रद्धाञ्जली अर्पण गरिने गरिन्छ । अहिले शहीद सप्ताह शुरु भएको छ । अघिपछि बिर्से पनि यो समयमा शहीदको योगदानका गाथा गाउने र शहीद पार्क, शहिद गेट एवम् शहीदका सालिकहरुमा माल्यार्पण गर्न धाउनेको भीड भने बाक्लै लाग्ने गरेको देखिन्छ ।

टंकप्रसाद आचार्यले फ्रान्सको राज्यक्रान्तिका सम्बन्धमा लेखिएको पुस्तक पढेपछि सोबाट प्रभावित भई नेपालमा पनि राणा शासन समाप्त पारेर बैधानिक सरकारको गठन गर्ने उद्देश्यका वि.सं. १९९३ जेष्ठ २२ गते ओमबहाल स्थित धर्मभक्त माथेमाको घरमा नेपाल प्रजापरिषद् नामक राजनैतिक संस्थाको स्थापना गरे । सो संस्थाका सम्पूर्ण सदस्यहरुले राणा शासन अन्तगरी प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने...आदि उद्देश्यहरु लेखिएको कागजमा दाहिने हातको बुढी औंलाको रगतले सहीछाप गरी उक्त कागजलाई धर्मभक्त माथेमाले आफ्नै घरमा प्रधानमन्त्री जुद्धसमशेरको फोटो पछाडि गारोभित्र राखेका रहेछन ।

आर्थिक प्रलोभनमा परेर रामजी जोशीले संस्थाको सम्पूर्ण पोल खोलिदिएको हुनाले यसका सदस्यहरुलाई राणा सरकार ले गिरफ्तार गऱ्यो र वि.सं. १९९७ माघ ६ गते शुक्रराज शास्त्री, दशरथचन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठलाई मृत्युदण्डको सजाय दिने फैसला सुनायो । उक्त फैसला अनुसार नेपालका ती चार शहीदहरुलाई फासी दिने व्यक्ति हुन् यिनै जनरल नरसमशेर । उनले कसरी ती शहीदहरुलाई फासी दिए भन्ने सम्बन्धमा हेमन्त शमशेर राणाद्वारा लिखित नरशमशेरको जुवानीमा यसरी उल्लेख गरिएको पाइन्छ ।

'सबैभन्दा पहिले, पहिल्यै कारागारमा परिसकेका आर्य समाजी शुक्रराज शास्त्रीलाई मिति १९९७ माघ १० गते झुण्ड्याई दिने आदेश अनुसार सो साँझ उनका परिवारलाई अन्तिम भेटको लागि बोलाउन मानिस पठाए । उनकी बहिनी चन्द्रकला मल्ल र अर्का दाई पर्ने व्यक्ति आई भेटघाट गरेर उनीहरुले सगुनस्वरुप फूलमाला र टीका लगाई फर्के । त्यसको केही समयपछि भद्रगोल झ्यालखानाबाट लहरी(टंक)मा चढाई टेकुस्थित बकैनाको रुखमा ल्याई पुऱ्याउादा राती १०/११ बजेको थियो । पूरा बाटो भरी शुक्रराज शास्त्रीले ठूल–ठूलो स्वरमा संस्कृतका श्लोकहरु वाचन गर्दै आए ।

एउटा सिपाहीले 'के कराएको' भनेर उनलाई लहरीमा हिर्काउँदा 'मर्ने बेलामा पनि पाठ गर्दै मर्न नपाइने' भनेर उल्टो सो सिपाहीलाई झपारी झन ठूलो स्वरले पाठ गर्दै आए । लहरीबाट ओरालेपछि मैले उनलाई 'अन्तिम इच्छा के छ ?' भनी सोध्दा 'बागमतीमा स्नान गरी मर्न पाउँ' भनेको हुनाले स्नान गरी धोती पाटा फेरी ठूल–ठुलो स्वरले नै पाठ गर्दै झुण्ड्याउने ठाउँमा आई आफैले डोरी आफ्नो घााटीमा हाली सकेपछि छेउमा बसेको पोडेलाई आफ्नो नाडीमा बााधेको घडी फूकाली दिएर 'धेरै दुःख नहुने गरी एकै पटकमा झुण्ड्याई देउ है' भनी आग्रह गरे । पोडेले पनि शुक्रराज उभिएको खटिया एकै चोटीमा झ्वाट्ट तानीदियो र उनी सहजैरुपमा विना काष्ट प्राण मुक्त भए ।

शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिएको ३ दिनपछि अर्थात १९९७ साल माघ १३ गतेको राती धर्मभक्त माथेमालाई भद्रगोल जेलबाट सिफलस्थित उकालोको बीचमा रहेको खरीको बोटमा झुण्ड्याई मृत्युदण्ड दिन लगियो । त्यसरी लहरीमा हाली लैजानु अघि उनको आफन्तहरुलाई पनि अन्तिम भेटको लागि बोलाइएको थियो । तर उनका बाबु काजी आदिभक्त कलकत्तामै भएको हुँदा अन्तिम समयमा छोरालाई भेट्न पाएनन् । अरु नै दुई चार जना आई भेटे । तर धर्मभक्त त्यसदिन अफिम खाएर हो वा के भएर हो अलि अर्धचेत जस्ता भइसकेका थिए । लहरीमा चढाउादा समेत उसको भारी पहलमानी शरीरलाई सात/आठ जना सिपाहीले बोकेरै उकाल्नु परेको थियो । शुक्रराज शास्त्री लहरीमा कराउँदा पाठ गर्दै अन्तिम यात्रामा गएका थिए भने धर्मभक्त एकशब्द पनि चुँ नगरी आएँ ।

लहरीबाट ओराल्दा पनि सबै सिपाही मिली उनको अर्धचेतन शरीरलाई थामी ओराल्नु परेको थियो । उनलाई झुण्ड्याउन हाँगामा डोरी तयार पार्न दुई जना पोडे खटिएका थिए । उनीहरुले तयार पारेको डोरीमा धर्मभक्तलाई फाँसी हाल्न पनि सिपाहीहरु नै प्रयोग गर्नु पऱ्यो । पहिलो चोटी धर्मभक्त उभिएको त्रिपाई उसको खुट्टामुनिबाट पोडेले तान्दा हाँगा काँचो, लचिलो भई दिंदा उसको खुट्टाले भुई छोयो र मृत्यु हुनुको सट्टा डोरीको पासोले घााटी क्याकल्याक–क्याकल्याक मात्र भयो । तुरुन्त डोरी फुकाइपछि फेरी अर्को हाँगामा बाँधी उसलाई झुण्डाईयो । त्यो हाँगो चाहीं सुकेर खोक्रो भईसकेको कारण ठनक्कै भाँचिई धर्मभक्तको शरीर भुईमा थचारियो । त्यसपछि पुनः तेश्रो पटक अर्को दह्रो हाँगा छानी त्यसमा डोरी बाध्न लगाई झुण्ड्याउँदा बल्ल उसको प्राण गयो ।

दशरथचन्द र गंगालाललाई पनि अरुलाई जस्तै झुण्ड्याएर मृत्युदण्ड दिने निर्णय नै थियो । तर यी दुई जनाले आफूहरु एकै साथ एकै ठाउँमा मर्न पाउँ भनी आग्रह गरे । कसरी एकै ठाउँमा एकै साथ सो कार्य गर्ने हेला भनी मैले धेरै विचार गर्नुपऱ्यो । अनि दुवैलाई एकै ठाउँ र एकै पटक मार्न गोली हान्नु पर्ने कुरा सुनाउँदा उनीहरु पनि सहमत भए । उनीहरु दुवै जनाले एकैसाथ शोभा भगवतिमा राणा शासन ढाल्ने भाकल पनि गरेका रहेछन् र सोही कुरा सम्झी मर्न पनि शोभा भगवति मै अन्तिम दर्शन गरी मर्न पाउँ भन्ने इच्छा व्यक्त गरे । उनीहरुकै इच्छा बमोजिम माघ १४ गतेको राती दुवैजनालाई त्यही शोभा भगवति स्थानमा लगियो । लैजानु अघि उनीहरुका आफन्तहरुलाई पनि अन्तिम भेट गर्न बोलाइएको थियो ।

भेटघाट सकिएपछि आफन्तहरुले टीका, अवीर, माला लगाई गएका हुँदा उनीहरुलाई राती १०:०० बजेतिर लहरीमा हाली प्याकलको बाटो लैजाँदा गंगालालको घर बाटैमा पर्ने हुँदा लहरीबाट गंगालालले आफ्नी श्रीमतीलाई 'हसिना, हसिना ।' भन्न भ्याए । उनकी श्रीमतीले एक/दुई दिन अघि मात्र छोरा पाएकी थिइन् । गंगालाललाई मृत्युदण्ड सुनाउने बेला ऊ कलिलै उमेरको ठिटो भएको र उनकी श्रीमतीले पनि पेट बोकेको हुँदा उनलाई माफी दिने कुरा बुबा हजुर (जुद्ध समशेर) बाट बारम्बार निर्देशन भएको थियो । अन्तिम समयसम्म पनि उनले माफी मागेको खण्डमा नमारी आजीवन कारागारमा दण्ड परिवर्तन गर्ने निर्णय समेत भएको थियो । त्यसैले उनलाई उनकै घरको बाटो लगिएको र पछि पनि बारम्बार मैले र मसँग आएका सिपाही अफिसर सबैले उनलाई माफी माग्न घच्घच्याई रह्यौं तर उनी साह्रै जिद्दीवाल निस्के । उनलाई फकाई(फुल्याई माफी मगाउँला भनेरै अर्का जिद्दीवाल ठकुरी दशरथचन्दले एकैसाथ एकै ठाउँमा पर्न पाउँ भनी सर्त राख्नुको कारण नै त्यही थियो जस्तो मलाई लाग्छ ।

शोभा भगवति पुगरे उनीहरु दुवैले पूजाको टपरी मन्दिरको भित्री ढोकामा चढाई 'भगवति माता आज हामी दुवै प्रशन्न छौ । हजुरकहिं पहिले आएर राणा शासन ढाल्ने भाकल गरेका थियौं, हजुरकै अहिले आएर प्राण त्याग गर्न पायौं' भन्दै मन्दिर परिक्रमा गरे । अनि विष्णुमति नदीको बगरमा उनीहरुलाई लगि त्यहाँ गाडी राखेको बाँसको खाँवाहरुमा बाँधेर उनीहरुलाई एकसाथ गोली हानी मार्न केही दिन अघिदेखि नै तालिम गराइएको दुई जना पोडेहरुलाई १२ बोरको बन्दुकमा १/१ नम्बरको टोटा हाली 'एकै साथ गोली पड्काई मारी दिनु' भनी मैले पठाएँ ।

म र म मुनिका कर्णेल चन्द्रबहादुर थापा वरै रहेको पाटीमा बस्यौ । दुईजना पोडेलाई लिएर मेजर दर्जावाला एकराज शमशेर दाइका साला 'प्राणराजा' भन्ने ठकुरी बाबुसाहेव मृत्युदण्ड दिन तयार पारिएको ठाउँतर्फ लागे । प्राणराजाले सिट्ठी बजाई इशारा दिने र सो इशारा पाउनासाथ दुबै पोडेले एकैसाथ दशरथचन्द र गंगालाललाई प्वाइन्ट ब्ल्याक्त रेन्ज अर्थात कसो–कसो छातिमै जोडी टिंगर तान्ने व्यवस्था मिलाएका थियौं । तर दुर्भाग्यवश दशरथचनदलाई बन्दुक तेर्स्याई टिंगर तान्ने पोडे पुरानो अनुभवी र शुक्रराज र धर्मभक्त दुवैलाई झुण्ड्याई सकेर अनुभव पाएका व्यक्ति हुँदा उसले इशारा पाउनासाथ बन्दुक पड्काई दशरथचन्दलाई मारी दियो । तर गंगालाललाई बन्दुक तेर्स्याईरहेको अर्को पोडे शिकारु र अनुभवहीन हुनाले टिंगर तान्नुको सट्टा बन्दुकै फाली भागी दियो ।

गंगालाल रिसाएर 'एकैचोटी मार्ने भन्दाभन्दै मेरो साथीलाई किन मारिस मलाई पनि ठोक' भन्दै कराउन थाले । त्यत्तिकैमा भागेको पोडेलाई सिपाहीहरुले समाती हामी बसेको पाटीमा ल्याए । गोली हान्ने अनुभवी पोडे पनि त्यही आइपुगेको थियो । मैले ठिटो पोडेलाई अनेक प्रलोभनको साथ धम्की समेत दिएर 'आफ्नो तोकिएको कर्तव्य पूरा गर्न जा' भनी अनेक प्रयत्न गर्दा पनि 'बरु मलाई मारे हुन्छ म त सक्तिन' भन्दै हतासमा रुँदै भुईमा लडीबुडी गर्न थाल्यो ।

अनि उही अनुभवी दशरथचन्दलाई भर्खरै मात्र गोली हान्ने पोडेलाई 'एकजना त मारी सकिस अर्कालाई पनि तैले नै हान । बरु थप बक्सिस दिन्छु' भन्दा पनि पहिले त मान्दै मानेन । त्यसलाई अर्को बोतल रक्सी पिलाई अंगालो हाल्दै आफैले कराइरहेको गंगालालतर्फ लगी उसको छातिमा बन्दुक तेर्स्याई 'टिगर तान्दे' भनी आदेश दिए । निजले हात कमाई–कमाई बल्ल बल्ल अनेक पटक मैले आग्रह गर्दा टिगर दबाई दियो र गंगालाल पनि धरासायी भयो । त्यसले टिगर नतानी दिएको भए म आफैले टिगर तान्नु पर्ने अवस्थामा पुगेको थिए । किनभने पोडेहरुलाई फकाउँदा (फुलाउँदा धेरै समय वितिसकेको र मिर्मिरे बिहानीको उज्यालो हुन थालिसकेकोले शोभा भगवतिको पुजा गर्न आउने श्रद्धालुहरुको भीड लाग्ने डर भइसकेको थियो । त्यसरी दशरथचन्द र गंगालाललाई उनीहरुको अन्तिम इच्छा बमोजिम अरु कुरा पुऱ्याई दिन सके तापनि एकैसाथ मार्ने इच्छा पुऱ्याई दिन नसकेकोमा मलाई अहिलेसम्म पनि निकै सन्ताप लागेको छ ...।

लखन थापादेखि हालसम्म धेरै शहीदहरुले देश र जनताको लागि बलिदान दिइसक्नु भएको छ । राणा शासन फाल्न होस्, पञ्चायती व्यवस्था ढाल्न होस् या गणनन्त्रको जग हाल्न होस् । तर ती अमर शहीदहरुका सपना सार्थक भए वा शहीदको शवलाई भऱ्याङ बनाएर शासकहरु सत्ताको शीखरमा आरोह मात्र गरिरहे । यस्ता अनेकौ प्रश्नले भने सधै झक्झक्याउने गर्दछ ।

नेपाल आमाका सपुतहरु जो आफ्नो पारिवारिक सुख, शान्ती, माया, मोह र ऐश आरामलाई तिलाञ्जली दिंदै देश र जनताको मुक्तिका लागि आफ्नो प्राणसमेत अर्पण गरे । त्यस्ता वीर शहीदहरुको सदैव याद आइरहन्छ । अझ सत्ता सञ्चालनको लाइसेन्स वा नियुक्ति बुझेर जानेहरुले टलक्क टल्किने दौरा सुरुवाल कोटमा लहरै ठडिएर सपथ खाएको र टाउको नै पुरिने गरी माला, खाँदा लाएको दिन भने झन विशेष याद आउँछ । राष्ट्र र जनताको लागि जीवन बलिदानी दिने अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त व्यक्त गर्दछु । इति । *हेटौंडा–४*

# प्यारो मान्छे बनुँ



✍ दिपाली सुवेदी

अल्छि मानी ढिलासम्म सुत्दिनँ म कहिले
उठ्छु म त बिहानीको घामभन्दा पहिले
हातमुख धुन्छु अनि खाजा पनि खान्छु
आमा–बुबा भन्नुहुन्छ, पढ अब कान्छु ।

खानेकुरा फाल्दिँा म सफासित खान्छु
सफा नाना लगाएर स्कूल जान्छु ।
भेट हुँदा, बिदा हुँदा गर्छु नमस्कार
भुल्दिनँ म निभाउन सधैं शिष्टाचार
अँधेरीको जुनजस्तै बिहानीको घाम
सबैको प्यारो मान्छे म बनिरहुँ आमा ।

*कक्षा–९, सुनगाभा शिक्षा निकेतन,*
*हेटौंडा–६, चौघडा*

# गीत



✍ डीबी वर्तौला

सहिदले देखाएको बाटो हिडौं साथी
उनको त्यो सपना नि पूरा गरौं साथी

भ्रष्ट नीति त्याग गरी बढ्नु पर्छ अब
शाषकको विरुद्धमा लड्नु पर्छ अब
क्रान्तिको त्यो ज्वाला पनि बाल्नु पर्छ अब
शाषकलाई पक्कै पनि गाल्नु पर्छ अब।।

यो देशको दिशा पनि बदल्नेलाई सलाम
नेपालीको भाग्य पनि बदल्नेलाई सलाम

स्वतन्त्रता ल्याइकन मुक्ति पनि दियौ
दुःख भोगी हामीलाई खुसी जति दियौ ।

*मुक्तक मञ्च मकवानपुर अध्यक्ष*

# 'भ्रष्टाचार'



**जीवन न्यौपाने**

कल्पना गर्छु,
त्यो लहलह पातैपात
हल्लिएको रुखले
भ्रष्टाचार गरिदियो भने ?
तेस्तै,
त्यो
अग्लो हिमाल देखि
कलकल बग्ने नदिले
भ्रष्टाचार गरिदियो भने ?
अनि,
त्यो मुरिकामुरी
उब्जनी गर्ने जमिनले
भ्रष्टाचार गरिदियो भने ?
अनि सोच्छु,
तेहि रुखको
अक्सिजन सापटि लिएको
म
कार्बनडाईअक्साईडमा
किन भ्रष्टाचार गरिदिन्छु ?
अनि तेहि
कलकल बग्ने नदिको
पानी पिएको
म
किन मेरो तिर्खा मेटिन्न ?
अनि तेहि मुरिकामुरि
उब्जनी
खाएको मेरो पेट
किन कहिल्यै डकार्दैन ?

*हेटौंडा-९, धर्मपथ*

# मुटुमा छ नेपाल !



**सरोजप्रसाद साह**

म हुँ नेपाली, मेरो छाती छ हिमाल !
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल !!२
मेरो इच्छा छ नेपाल,
मेरो प्रेरणा नेपाल!
मेरो लक्ष्य छ नेपाल!!२



मुटुमा, मुटुमा, मुटुमा छ नेपाल !!!
म हुँ नेपाली,
मेरो बुद्ध छ महान !
ढुंगा ढुंगामा नेपाल,
वन र पन्छीमा नेपाल !!
मुटुमा ,मुटुमा, मुटुमा छ नेपाल !!!

हामी नेपाली नै कोशी हौं,
हामी नेपाली नै गुराँस हौं,
हामी नेपाली गोर्खाली हौं,
देशका लागि त, ज्यान दिन तयार हौं !
शान्ति र पवित्रता, यो देशको पहिचान !
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल !!
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल !!



# नानी



**रोशिका भट्राई**

मेरो प्यारो नानी
सबैभन्दा सानी
चक्लेट है खाने
दाँत दुख्यो भन्ने ।

मेरो प्यारो नानी
ज्ञानी भई बस्ने
खेल्न पनि खेल्ने
पढ्न पनि पढ्ने ।

मेरो प्यारो नानी
पापा खाने भन्ने
अनि चक्लेट रोज्ने
दिएन भने रुने ।

*कक्षा ६,*
*अमर माध्यमिक विद्यालय*

# गजल



**सुबास 'सजल'**

म सोध्दैछु, प्रश्न, जीवनसँग ।
मन मुटु, अनि, धड्कनसँग ।

चम्किला तारा, धर्तीमै झर्छ ।
के हुन्छ, आखिर, गगनसँग ?

फलाम हुँ ठोकिनु, नियती नै हो,
केही छैन, गुनासो, त्यो घनसंग ।

खिया लाग्छ, टिपेर,फालिन सक्छु,
सुन, होइन, जोखिन, त्यो धनसंग ।

स्वार्थी हो, छोडेर,अवश्य जान्छ।
नलगाउनु, माया प्रेम, यौवनसंग ।

तिमी जित्नु नै, जीन्दगी, हैन भन्छौ !
के हार्न, सक्छौ र ? दुश्मनसंग ।

*हेटौंडा-८ कमाने*

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

हेटौंडा, मकवानपुर
sambridhasamaj@gmail.com
**समृद्ध समाज राष्ट्रिय दैनिक**

## गाउँखाने कथा

१. टाउकामा छ ज्वाला, पुच्छरमा आहारा ।
- दियो/टुकी

२. टाउकामा फुर्के टोपी मुखमा छ जुँगा, खोले दाना दाना टल्किन्छ ।
- मकैको बोट र घोगा

३. त्यसैको हो त्यो, त्यसैको छ त्यो ।
- सर्पको काँचुली

४. कराएको सुनिन्छ देख्न सकिन्न, जताततै पस्छ रोक्न सकिन्न, त्यो नभई फेरि बाँच्न सकिन्न ।
- नाडीको नसा

५. त ठडिई, म अडाउँछु ।
- तोक्मा

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: समय मध्यमकारक छ । धनको लेनदेन र ठूलो निर्णयहरुमा सजगता अपनाउँदा राम्रो रहने छ । व्यापार–व्यवसाय मध्यमकारक रहन्छ । कार्यक्षेत्र र प्रशासनिक क्षेत्रमा विवाद बढ्न सक्छ । पठन–पाठनमा ध्यान केन्द्रित होला । धार्मिक अनि सामाजिक तथा परोपकारजन्य काम  र भोजभतेरमा सरिक भइने योग छ ।

**वृष राशि**: समय ठिकै छ । स्वास्थ्यका दृष्टिकोणले समय ठिकै छ । इच्छित कार्य सम्पन्न हुनेछ । आर्थिक स्तरमा सुधार होला । काम विशेषले खर्च ह्वात्तै बढ्ला । व्यापार–व्यवसायका क्षेत्रमा मध्यम फलदायी छ ।ज्ञान र अनुभूतिमा वृद्धि होला । अड्डा अदालतमा अड्किएका कामहरु सम्पन्न होलान् । सामाजिक र धार्मिक काममा सरिक भइने छ ।

**मिथुन राशि**: समय मध्यमफलदायी रहेको छ । नकारात्मक कुराहरु नियन्त्रण गर्नु होला । सर्वत्र विजय प्राप्त हुने सुन्दर समय छ । रोकिएका कामहरु पूर्ण हुने समय छ । बुद्धिकौशल र कार्यक्षमताको सन्तुलनलाई कायम राखिने छ । उडान र महत्वकांक्षालाई महत्व दिनाले लक्षित स्थानमा पुग्न सकिने छ । पढाई–लेखाई मध्यम/सामाजिक तथा परोपकारजन्य काममा सरिक भइने छ । व्यापार–व्यवसाय ठिकै छ ।

**कर्कट राशि**: समय ठिकै छ । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त हुनेछ । भेटघाट र मनोरञ्जनमा समय व्यतित । धार्मिक र पारम्परिक काममा सरिक भइनेछ । परोपकारी समय हो । आफू भन्दा ठूलाको सहयोग लिँदा राम्रो हुन्छ । व्यापार–व्यवसाय ठिकै रहेको छ । झगडा योग रहेकोले बोलीमा संयमता अपनाउँदा राम्रो रहन्छ ।

**सिंह राशि**: दिकदारी र चिड्चिडेपन बढ्ला । शारीरिक थकान र अस्वस्थता प्राप्त हुनेछ । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । व्यापारीक कारोबारमा दूरगामी प्रभाव पर्न सक्छ । प्रशासनिक काममा हाकिमको कचकच बढ्न सक्छ । सामाजिक र धार्मिक काममा सरिक भइने समय छ । अनुशासन र संयमता नै सफलताको सुत्र हो ।

**कन्या राशि**: समय ठिकै छ । विपरीत लिङ्गी सँगको भेटघाटमा रमाइएला । भोजभतेर उत्सव वा माङ्गलिक कर्म सम्पन्न हुनेछ । घरायसी काम र रमझममा समय दिनु पर्नेछ । अनावश्यक धन खर्च समेत हुनेछ । व्यापार–व्यवसाय ठिकै देखिन्छ । ज्ञानका क्षेत्रमा भन्दा कल्पनाका क्षेत्रमा मन जाला । धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ । घर– परिवारबाट सहयोग प्राप्त होला ।

**तुला राशि**: शत्रु रिसराग र स्वास्थ्यस्थितीप्रति सचेतना अपनाउँदै कार्यक्षेत्रमा खटिने समय छ । व्यापार–व्यवसाय मध्यम रहला । कल्पना र भावुकतामा रमाइएला । घमण्ड र अहंकारको वृद्धि हुन सक्छ । कार्यक्षेत्रमा तन्मयताका साथ खटिने समय छ । पढाई–लेखाई ठिकै छ । सामाजिक र धार्मिक काम मध्यमकारक रहला । भोजभतेरमा सरिक भइने समयको योग छ ।

**वृश्चिक राशि**: बोलीमा ओज बढ्ला । ज्ञान र सीप बाँडेर जस लिने समय छ । साहित्यिक,बौद्विक तथा प्राज्ञिक गतिविधिमा सरिक भइएला । स्वास्थ्य सबल रहला । आफन्तबाट सहयोग प्राप्त होला । बौद्विक चिन्तनका काममा लागि परिएला । धार्मिक र परोपकारजन्य काममा सरिक भइएला । लेखाई–पढाई मध्यमकारक रहनेछ ।

**धनु राशि**: आवेगमा नियन्त्रण नगर्दा खिन्नताको अनुभूति होला । व्यापार–व्यवसाय मध्यम फलदायी छ । कार्यक्षेत्र र प्रशासनि क्षेत्रमा प्रभाव पर्न सक्ने छ । विद्यार्थीको लागी पारिवारीक समस्याले असर गर्ला । सामाजिक र धार्मिक अनि परोपकारजन्य काममा सरिक भइने समय छ । साँस्कृतिक मनोरञ्जनमा सरिक ।

**मकर राशि**: सामाजिक र साँस्कृतिक काममा मन जाला । पराक्रम र प्रसिद्धि बढ्ला । बुद्धि कौशल मित्रताको सहयोगले काममा पूर्णता प्राप्त । वैदेशिक योगबाट लाभ प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक छ । परीक्षा र प्रतियोगितामा सफलता । पढाई–लेखाई मध्यम छ । धार्मिक काममा सरिक भइनेछ ।

**कुम्भ राशि**: समय मध्यमकारक नै छ । आर्थिक अवस्थामा सुधार होला । घुमघाम र मनोरञ्जनमा समय व्यतित होला । खर्चबर्चमा वृद्धि हुने समय छ । बोल्दा प्रस्तुति र शब्द चयनमा ध्यान दिनुपर्ला । व्यापार–व्यवसाय मध्यमकारक । शिक्षा दीक्षा तर्फ चुनौति बढ्ने समय छ । पठनपाठनमा जुध्ने समयको योग छ ।

**मीन राशि**: नयाँ योजना कार्यान्वयन होला । आयका लागि थप योजना बन्ला । श्रमको उचित मूल्यांकन होला । प्रयत्नले काम सम्पन्न गरिने छ । महत्वकांक्षा र इच्छाहरु पूर्ण होलान् । सामाजिक र धार्मिक काममा सरिक । व्यापार–व्यवसाय मध्यमकारक रहला । सामाजिक र परोपकारजन्य काममा सरिक भइने समयको योग रहेको छ ।

# नेपाली संस्कृती



**स्नेहा रिमाल**

विविध जाति भेष र भूषा नेपाली संस्कृति
घट्दैछन् यसका नराम्रा पक्ष नराम्रा विकृति

अनेकौं रीतिरिवाज अनि प्रचलन मानिन्छ
सबैको धर्म संस्कारलाई समान ठानिन्छ

पवित्र नदी जस्तै छन् यहाँ मूल्य र मान्यता
मिलेर हामी बढ्दैछौं अघि राखेर धैर्यता

मस्जिद, चर्च, मन्दिर, गुम्बा सबैमा गइन्छ
संस्कृति हाम्रो जगेर्ना गर्न एकबद्ध भइन्छ

कुकुर, गाई, काग र गोरु समान ठानिन्छ
रङ्गीविरङ्गी फूलको बगैंचा मानिन्छ ।

चार है जात छतिस वर्ण जातको घर यो
संस्कृति देख्दा मन यो मेरो साँच्चिकै भरियो

फरिया, चोली, ढाकाको टोपी पोषक मानिन्छ
इस्लाम, हिन्दू किराँत सबै नेपाली भनिन्छ

बाहुन, क्षेत्री, राई, लिम्बू बैश्य अनि दमाई
बस्नेछौं हाँसी खुसीले हामी एकसाथ रमाई

*कक्षा ९,*
*नवोदय शिशु सदन*

# देश डुब्नै लाग्यो



**संस्कृति लुईंटेल**

देश डुब्नै लाग्यो
मेरो देश डुब्न लाग्यो
बलभद्र कुँवर जस्ता
योद्धालाई पठाइदेऊ

मेरो देश डुब्न लाग्यो
गौतम बुद्ध जस्ता
शान्तिका दूतलाई पठाइदेऊ

भारतले भन्छ लिपुलेक
काला पानी हाम्रो
चीनले पनि हेर भन्छ
आधा सगरमाथा मेरो

हामीले पत्ता लगाउन सकेनौं सीमाना
सगरमाथाको साँध लौन है पूर्खा
तिमी आफैं आएर छुट्याईदेऊ
भीमशेन थापा जस्ता
वीर महापुरुष पठाइदेऊ

*कक्षा ८, नवोदय शिशु सदन*

# विद्यालय



**हिमांशी साह**

विद्यालय हाम्रो मन्दिर हो, सहर होस् या गाउँ
हामी पढ्ने विद्यालय सुनभागा हो नाउँ ।

छन् यहाँ धेरै शिक्षक अनि, शिक्षिका
सधैंभरी दिनुहुन्छ हामीलाई राम्रो ज्ञानका कुरा ।

प्रकृतिको पहाडमा हामी पाइला चाल्छौं
अन्धकारलाई हटाएर ज्ञानको बत्ती बाल्छौं ।

जान्छौं हामी विद्यालय सधैं पढ्छौं त्यो बेला
विद्यालय हाम्रो दोस्रो घर हो नगरौं है हेला ।

ज्ञानका कुरा सिक्न जान्छौं लाग्दैन नि बेर
दिन्छौं जति अरुलाई हुन्छ आफूलाई धेर

विद्यार्थी नै हुन् आकाशका चम्किला तारा
शिक्षाले नै हाम्रो जीवन सजाएको छ सारा ।

*कक्षा-३, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल*

# आमा



**उर्मीला जिम्बा**

माया र सद्भाव अनि दया दिनुभयो आमा
नौ महिना काखमा राखी हुर्काउनुभयो आमा
माया नै माया गरी हुर्काई दिनुभयो आमा
बिर्सने छैन जीवनमा मेरी प्यारी आमा

गाउँघरमा जन्म दिनुभयो आमा
सहरमा ज्ञान, बुद्धि, विवेक दिलाउनुभयो आमा
संसारमा सबैभन्दा माया गर्छु मेरी आमा
दुख दिने छैन जीवनमा मेरी आमा

कुन जुनिमा तिर्नु महान गुन आमा
काखमा राखी खेलाई हुर्काउनु भयो आमा
हुर्काई, खेलाई संसार देखाउनुभयो आमा
दुख गरी शिक्षा, ज्ञान दिनुभयो आमा

मेरी प्यारी महान संसारको आमा
जीवनमा धेरै दुख दिएँ होला आमा
गल्ती भए माफ दिनु मेरी प्यारी आमा
संघर्ष गरी गुन फर्काउने छु मेरी आमा

*कक्षा-३, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल,*
*हेटौंडा-२*

# विद्यालय पोशाकबिना पढ्न जान्छन् विद्यार्थी

जमुना थिङ
हेटौंडाः विद्यालयको पोशाकबिना नै विद्यार्थी पढ्न जाने गरेका छन्। हेटौंडा–१५, जातेपनेसमा रहेको परिजात आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थी विद्यालय पोशाकबिना पढ्न जाने गरेका हुन्।

विद्यालयका प्रधानाध्यापक यशोदा बस्नेतका अनुसार पोशाकको अभावका कारण विद्यालयको पोशाकबिना विद्यार्थी पढ्न आउने गरेका छन्। उहाँले भन्नुभयो– 'विद्यालयको आयस्रोत शून्य रहेको छ। जसले गर्दा विद्यार्थीलाई शैक्षिक सामग्रीहरूसमेत निःशुल्क वितरण गर्दै आएका छौं।'

खुट्टामा एकजोर चप्पलबिना विद्यार्थी पढ्न आउने गरेको प्रधानाध्यापक बस्नेतले बताउनुभयो। विद्यालयले चप्पलको अभाव हुन नदिए पनि विद्यालय पोशाकको व्यवस्था गर्न भने पैसाको अभाव रहेको उहाँले जानकारी दिनुभयो। 'विद्यार्थीको छात्रवृत्ति रकमले पोशाक सिलाउन पुग्दैन', उहाँले भन्नुभयो– 'जसोतसो केही विद्यार्थीलाई छात्रवृत्तिको रकमबाट विद्यालय पोशाक सिलाउनका लागि पहल गरिरहेका छौं।'

गत शैक्षिक सत्रमा व्यक्तिगतरुपमा विद्यार्थीलाई विद्यालय पोशाक सहयोग भएका थिए। ती पोशाक लगाएर केही विद्यार्थी विद्यालय पोशाकमा उपस्थित हुने गरेको उहाँले बताउनुभयो। चालु शैक्षिक सत्रमा कुनैपनि संघसंस्था तथा व्यक्तिबाट विद्यालयलाई न्यानो पोशाकसमेत प्राप्त नभएको उहाँले गुनासो गर्नुभयो।

पोशाकको अभावका कारण विद्यार्थीले घरमा बस्दासमेत विद्यालयको पोशाक नै लगाउने गरेको उहाँले बताउनुभयो। त्यसले गर्दा विद्यालय पोशाक चाँडै फाट्ने गरेको उहाँको भनाई छ। प्रायः सामुदायिक विद्यालयका विद्यार्थी पढ्नका लागि नभई खाजा खानका लागि मात्र विद्यालय आउने गरेको उहाँले दावी गर्नुभयो।

बाबुआमाविहीन बालबालिका मामाघर, हजुरबुबा, हजुरआमाहरुको संरक्षणमा बस्ने गरेको उहाँले बताउनुभयो। विद्यालयमा १० जनाभन्दा बढी आमाबाबुविहीन बालबालिका अध्ययनरत रहेको उहाँले जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ– 'आफन्तको संरक्षणमा बस्ने बालबालिका बालश्रममा संलग्न हुन्छन् नै, अभिभावकहरुलाई आफ्ना बालबच्चा पढ्न पठाउनुपर्छ भन्ने ज्ञानसमेत हुन्न्। सोही कारण गाउँघरका बालबालिका श्रममा संलग्न हुने गरेका छन्।'

उहाँका अनुसार जब वर्षाको समय हुन्छ, तब बालबालिका विद्यालय आउन छाड्छन्। त्यसबेला खेतीकिसानी सुरु हुने तथा सबैको घरमा अन्नहरु हुने भएकाले विद्यालय नआउने गरेको उहाँको भनाइ छ। अहिले जाडोयाममा घरमा खाना नभएकाले खाजा खानका लागि प्रायः विद्यार्थी नियमित आइरहेको उहाँले जानकारी दिनुभयो।

यसैगरी बिचैमा पढाइ छाड्ने बालबालिकाको संख्या २५ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो। ती बालबालिका ट्याक्टरमा ढुङ्गा, बालुवा हाल्ने काम गरिरहेको, विवाह भइसकेको बताउनुभयो। यस्तै मजदुरी तथा किसान वर्गका बालबालिका अध्ययनरत् रहेकाले आर्थिक समस्याले गर्दा बीचैमा पढाइ छोड्ने गरेको उहाँको भनाइ छ। करिब १५ प्रतिशत विद्यार्थी नियमित विद्यालय आउने नगरेको उहाँले बताउनुभयो।

विद्यालयको कक्षाकोठा, शौचालय र धारा बालमैत्री भएपनि खानेपानीमा समस्या रहेको प्रधानाध्यापक बस्नेतले बताउनुभयो। पानी ट्याङ्की चुहिएकाले विद्यार्थीलाई खानेपानी खुवाउन समस्या रहेको उहाँको भनाई छ।

प्रधानाध्यापक बस्नेतले बिचैमा पढाइ छाड्ने दर कम गर्न र नियमित विद्यालय आउने वातावरण सिर्जना गर्न सबैको दायित्व रहेको बताउनुभयो। छात्रवृत्तिबाट प्राप्त रकमबाट मात्र पोशाक सिलाउन सम्भव नभएकाले सहयोगी दाताहरुलाई विद्यालय पोशाक सहयोगका लागि उहाँले अपिल गर्नुभएको छ।

घट्टेदमारदेखि एक घण्टा हिँडेर आउनुपर्ने बाध्यता बालबालिकालाई रहेको जानकारी दिनुभयो। उहाँले गत पुस महिनामा सञ्चालन गरेको अर्धवार्षिक परीक्षामा २ प्रतिशत विद्यार्थी अनुपस्थित भएको बताउनुभयो। नियमित आउने विद्यार्थीको पढाइ सन्तोषजनक रहेको भए पनि नियमित विद्यालय नआउने विद्यार्थीको हकमा पढाइ कमजोर रहेको उहाँको भनाइ छ।

प्राथमिक तहमै अध्ययनरत् बालबालिकाले बीचैमा पढाइ छोड्नुमा सम्बन्धित निकायको ध्यानाकर्षण हुन आवश्यक देखिन्छ। विद्यालयमा करिब ७५ जना विद्यार्थी अध्ययनरत् छन्। १५ नम्बर वडामा ८ वटा विद्यालय रहेका छन्। जसमा एक संस्थागत र ७ वटा सामुदायिक विद्यालय रहेका छन्। ती विद्यालय सबैमा उस्तै समस्या रहेको बस्नेतको दावी छ।

## घाँस झार्ने क्रममा रुखबाट लडी मृत्यु

समाज संवाददाता
हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका–१, बोटगाउँ लालभित्तामा घाँस झार्ने क्रममा रुखबाट लडी एक जनाको मृत्यु भएको छ। अन्दाजी ५५ वर्षीय सन्तवीर सिंतानले घर नजिक बारीमा रहेको असनको रुखबाट घाँस झार्ने क्रममा लडन गई ढाड, शरीरको विभिन्न भागमा चोट लागेर गम्भिर घाइते भएका थिए।

बिहीबार बिहान ११ बजेर ४० मिनेटको समयमा घटना भएको खबर प्राप्त हुनासाथ प्रहरी चौकी शिवराईगाउँबाट प्रहरी सहायक निरीक्षकसहितको टोली घटनास्थलमा पुगेको थियो। उपचारका लागि २ बजे हेटौंडा अस्पताल ल्याएकोमा २ बजेर १० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ।

## दुर्घटनामा एक जना घाइते

समाज संवाददाता
हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका–७, कल्लेखोलास्थित पूर्व–पश्चिम राजमार्ग सडकखण्डमा मोटरसाइकलको ठक्करबाट एक जना घाइते भएका छन्। शुक्रबार दिउँसो १ बजेर ३० मिनेटको समयमा उक्त सडकखण्डमा मनहरीबाट लोथरतर्फ जाँदै गरेको ना ४४ प ८३८२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँकी ३६ वर्षीया देवकुमारी कोइराला घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो।

मोटरसाइकलको ठक्करबाट घाइते कोइरालाको टाउकोमा चोट लागेको र अवस्था मध्यम रहेको प्रवक्ता कार्कीले बताउनुभयो। घाइते कोइरालालाई उपचारका लागि चितवनको भरतपुरतर्फ सोही मोटरसाइकल चालकले नै लगेका छन्। घटनास्थलमा प्रहरी सहायक निरीक्षक राजकुमार घलेको कमाण्डमा टोली खटेर बाटो खुलाइएको जनाएको छ।

## रविबारे सर्वोच्चको फैसलामा हर्क साङपाङका दुई प्रतिक्रिया

काठमाडौंः रवि लामिछानेको नागरिकता सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसलाबारे धरानका मेयर हर्क साम्पाङले टिप्पणी गरेका छन्। उनले रवि नेपाली भए–नभएको बारे नेपाली जनतालाई सोध्न र जनताले जे भन्छन्, त्यसैलाई सत्य मान्नु पर्ने धारणा राखेका छन्।

उनले सामाजिक सञ्जालमा पहिलो प्रतिक्रियामा लेखेका छन्, 'कसले भन्यो रवि नेपाली नागरिक होइन भनेर? हि इज नेपाली सिटिजन।' अर्को स्टाटसमा उनी लेख्छन्, 'सर्वोच्च अदालत भन्दा ठूलो हुन्छ जनको अदालत' नेपाली जनतालाई सोधौं, रवि नेपाली हुन् कि होइनन्? जनताले जे भन्छन्, त्यसैलाई सत्य मान्नु पर्छ।' (स्रोतः अनलाईनखबर)

## गाँजासहित दुई महिला नियन्त्रणमा



लागुऔषधसहित पक्राउ परेका प्रजा र गुरुङ।

समाज संवाददाता
हेटौंडाः हेटौंडा–१०, बसपार्कबाट बिहीबार बिहान ६ बजेर १५ मिनेटको समयमा लागुऔषध गाँजासहित दुई महिलालाई प्रहरीले नियन्त्रणमा लिएको छ। सर्लाही जाने बसमा चढ्न लागेको क्रममा चितवन जिल्लाको राप्ती नगरपालिका–९ बस्ने अन्दाजी ४० वर्षीया टेकमाया गुरुङ र सोही स्थानमा बस्ने अन्दाजी ३१ वर्षीया अस्मिता प्रजालाई प्रहरीले नियन्त्रणमा लिएको हो। प्रहरीले गुरुङ र प्रजामाथि शंका लागि सुरक्षा जाँच गर्दा पछाडि भिर्ने कालो झोलामा लुकाई छिपाई लाँदै गरेको लागुऔषध गाँजा २१ किलो फेला पारेको थियो। लागुऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुर लगेर अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

## लागुऔषध खेती नष्ट गर्न प्रहरी परिचालित

समाज संवाददाता
हेटौंडाः मकवानपुरको विभिन्न स्थानमा अवैध लागुऔषध खेती नष्ट गर्न प्रहरी परिचालन गरिएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले शुक्रबार प्रहरी परिचालन गरेको हो।

प्रहरी प्रधान कार्यालय र बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आदेश अनुसार मकवानपुर जिल्लाको कैलाश गाँउपालिका र राक्सिराङ गाउँपालिकाका विभिन्न स्थानहरुमा अवैध लागुऔषध गाँजा, अफिम फडानी तथा नष्ट कार्यका लागि खटिएका छन्। प्रहरी निरीक्षक कृष्ण बहादुर कुँवरको कमाण्डमा ९ जना, बागमती प्रदेश प्रहरी गण हेटौंडाबाट ३० जना, जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयहरुबाट २५ जना र सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टरबाट सहायक प्रहरी निरीक्षक ईश्वर कार्कीको कमाण्डमा ४१ जना गरी जम्मा १ सय ५ जना प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रहरी टोलीलाई आवश्यक बन्दोबस्तीका सामानसहित कैलाश गाँउपालिकाका लागि प्रहरी निरीक्षक बलराम श्रेष्ठको कमाण्डमा ३४ जना र राक्सिराङ गाँउपालिकाका लागि प्रहरी निरीक्षक सुमन बानियाँको कमाण्डमा ३० जना प्रहरीलाई परिचालन गरिएको छ।

# विभिन्न घटनामा ७ जना घाइते

समाज संवाददाता
हेटौंडाः बागमती प्रदेशमा बिहीबार भएको विभिन्न घटनामा ७ जना घाइते भएका छन्। धादिङ र चितवनमा भएको भएको कुटपिट र सवारी दुर्घटनामा ७ जना घाइते भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

धादिङको थाक्रे गाउँपालिका–११, मान्खुमा कुटपिटबाट एक जना घाइते भएका छन्। बिहीबार दिउँसो ४ बजे खानेपानीको विषयमा झगडा हुँदा सोही स्थानका ५४ वर्षीय सीताराम श्रेष्ठले ३० वर्षीय निरज लामालाई कोदालोले प्रहार गरेका थिए। कोदालो प्रहारबाट लामाको टाउकोमा चोट लागेपछि स्थानीय मेडिकलमा सामान्य उपचारपश्चात् थप उपचारको लागि अन्नपूर्ण न्यूरो काठमाडौं पठाइएको प्रहरीले जनाएको छ। घाइतेको अवस्था मध्यम रहेको छ भने कुटपिटमा संलग्न श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

त्यसैगरी, धादिङमा राति ९ बजेर ४५ मिनेटको समयमा बेनिघाट रोराङ गाउँपालिका–१०, जवाङ्खोलामा सवारी दुर्घटना भएको छ। पृथ्वी लोकमार्गमा चितवनबाट चरौंदीतर्फ जाँदै गरेको ना ५५ प ९५५० नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकमा पल्टिएर दुर्घटना भएको थियो। दुर्घटनामा मोटरसाइकल चालक ३६ वर्षीय भरत गुरुङ बायाँपट्टिको निधारमा चोट लागेको र कानभित्रबाट रगत आएको छ।

मोटरसाइकलको पछाडि सवार सोही स्थानका ४६ वर्षीय राम गुरुङको बायाँ घुँडा र दायाँ हातमा चोट लागेको छ। उनीहरुलाई सामान्य उपचारपश्चात् भरतपुर रिफर गरिएको छ। मोटरसाइकल प्रहरी चौकी जोगीमाराको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

धादिङमा नै शुक्रबार बिहान ४ बजेर ३० मिनेटको समयमा धुनिबेशी नगरपालिका–९, सिक्रेखोलामा सवारी दुर्घटना भएको छ। त्रिभुवन राजपथमा भैरहवाबाट काठमाडौंतर्फ दाना लोड गरी आउँदै गरेको ग १ ख ६४८ नम्बरको ट्रकले बिपरित दिशातर्फ जाँदै गरेको बा ५० प १७९९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। दुर्घटनामा मोटरसाइकल चालक नुवाकोट जिल्लाको ककनी गाउँपालिका–४ बस्ने २४ वर्षीय सज्जन तामाङको नाक र मुखमा चोट लागेको छ। मोटरसाइकलको पछाडि सवार ३४ वर्षीय सुशील तामाङको दुवै हात र खुट्टामा चोट लागेको छ। सुशीललाई उपचारका लागि ट्रमा सेन्टर काठमाडौं पठाएको प्रहरीले जनाएको छ।

त्यसैगरी, चितवनमा बिहीबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा भरतपुर महानगरपालिका–१०, स्याउली बजारमा एक युवाले आफ्नो पेटमा चक्कु प्रहार गरेका छन्। रौतहट जिल्लाको चन्द्रपुर घर भई हाल वेल्डिङको काम गर्ने ४५ वर्षीय दिनेश राईले आफ्नै डेरा नजिकै धारिलो चक्कुले आफ्नो पेटमा प्रहार गरेका छन्। उनको उपचार चितवन अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ।

बिहीबार राति १० बजेको समयमा भरतपुर महानगरपालिका–४, लायन्सचोकमा सवारी दुर्घटना भएको छ। चौबीसकोठीबाट पुल्चोकतर्फ आउँदै गरेको ना १ ज ८५२१ नम्बरको म्याजिकले पैदलयात्री सर्लाही जिल्लाको मलंगवा–२ बस्ने १९ वर्षीय करण चौधरीलाई ठक्कर दिएको थियो। म्याजिकको ठक्करबाट घाइते भएका करणको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ। उनको टाउकोमा चोट लागेको छ भने अवस्था गम्भिर रहेको प्रहरीले जनाएको छ।

## बुद्धपार्कमा पिउने पानी

समाज संवाददाता
हेटौंडाः हेटौंडा–१, बुद्धपार्कमा पिउने पानीको व्यवस्थापन गरिएको छ। पूर्व–पश्चिम राजमार्गअन्तर्गत हेटौंडा–१, राप्तीपुल नजिकै हालै विकसित गरिएको पार्कको अवलोकन गर्न आउने पाहुनाको सुविधाका लागि हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले निशुल्क खानेपानी उपलब्ध गराएको छ भने समाजसेवी सिद्धिलाल श्रेष्ठको पहलमा स्थानीय ३ जनाले खानेपानी ट्याङ्कीको व्यवस्थापन गरे छन्।

स्थानीय शिव महर्जन, अनुप भक्त श्रेष्ठ र धमेन्द्र श्रेष्ठले पानी ट्याङ्की सहयोग गर्नुभएको हो। बिहीबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा र निवर्तमान नगर प्रमुख हरिबहादुर महतले संयुक्तरुपमा खानेपानीको उद्घाटन गर्नुभयो। समाजसेवी सिद्धिलाल श्रेष्ठले पार्क अवलोकन गर्न पाउने पाहुनाको सहजताका लागि सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभएको छ।

**कविता प्रतियोगिताको मिति सरेको सूचना**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ कार्यालयको आयोजना र श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको व्यवस्थापनमा माघ १६ गते सहिद दिवसको सन्दर्भमा "सहिद" विषयक खुला कविता प्रतियोगिता आयोजना गर्ने भनिएकोमा प्राविधिक कारणवश सो कविता प्रतियोगिता माघ २८ गते हुने भएकाले भाग लिन इच्छुक कविहरूले कविता बुझाउनु हुन हार्दिक आग्रह गर्दछौं। र समय थप गरिएको जानकारी पनि गराउँछौं।

- कविता बढीमा २५० शब्दसम्मको हुनुपर्नेछ।
- कविता "सहिद" विषयक हुनुपर्नेछ तर शीर्षक खुला रहन सक्नेछ।
- कविता माघ २५ गते साझ ५ बजेसम्म पुष्पलाल स्मृति पुस्तकालय, विद्यार्थी पुस्तक पसल र हेउनपा वडा नं. ४ को कार्यालयमध्ये कुनै एक ठाउमा बुझाउन सकिनेछ।
- कार्यक्रम २८ गते पशुपति मन्दिरको सभाहलमा दिउसो ११: ३० बजे हुनेछ।
- कार्यक्रममा पुरस्कृत कविहरूलाई प्रमाणपत्रसहित प्रथम पुरस्कार रू. ७,५००/–, द्वितीय पुरस्कार रू. ५,५००/–, तृतीय पुरस्कार ३५००/– र दुईजनालाई सान्त्वना पुरस्कार रू. १,०००/– का दरले प्रदान गरिनेछ।

**सम्पर्क नं.**
९८५५०३९२८८, ९८५५०७०९०३, ९८५५०८४४८४, ९८४५०२९१६८।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**
हेटौंडा–१, भित्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

**कर्जा चुक्ता गर्न जारी गरिएको १५ दिने सुचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१४ गते)

यस चौघडा बचत तथा ऋण सहकारी संस्था लि. का ऋणी सदस्यहरुले विभिन्न समयमा लिनुभएको ऋणको सॉवा ब्याज शर्त बमोजिम यस साकोसमा समय–समयमा दाखिला गर्नुपर्नेमा त्यसो नगरी हालसम्म सॉवा ब्याज हर्जानाको रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको र सो सम्बन्धमा पटक–पटक लिखित, मौखिक, टेलिफोन, घरदैलोबाट समेत ताकेता गर्दा पनि ऋण तिर्न बेवास्ता गर्नुभएको तथा सम्पर्कमा पनि नआएकोले यथाशिघ्र हालसम्म बाँकी रहेको ऋणको सॉवा, ब्याज हर्जाना तिर्न आउनुहुन यो १५(पन्ध्र) दिने सुचना जारी गरिएको छ।

यदि उक्त समयमा पनि नआएमा आवश्यक कानुनी प्रकृया अघि बढाइने, सामाजिक संजाल मार्फत तथा सार्वजनिक स्थलमा नाम टाँस गर्ने र पत्रपत्रिका मार्फत पनि नाम सार्वजनिक गर्ने जस्ता कार्यहरु अवलम्बन गर्न संस्था बाध्य हुने र यसबाट ऋणी सदस्यहरुको मानमर्यादामा आँच पुग्न गए ऋणी सदस्य आफैं जिम्मेवार रहने तथा यस सम्बन्धमा संस्थाको कुनै प्रकारको जवाफदेही नहुने पनि यसै सुचनाद्वारा जानकारी गराइन्छ।

राजेन्द्र धिताल
(व्यवस्थापक)
**चौघडा बचत तथा ऋण सहकारी संस्था लि.**
मुख्य कार्यालय
हेटौंडा–६,चौघडा
भुवनेश्वर सेवा केन्द्र, हेटौंडा–४, हुप्रचौर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ